मधेशको पहिलो "क" वर्गको राष्ट्रिय दैनिक

छिटो र सर्वाधिक बिक्री हुने

www.janakpurtoday.com.np

जनकपुर टुडे

Janakpur Today Daily

वर्ष ११ अंक ६६ २०६८ साल साउन ९ सोमवार (25July 2011) पृष्ठ ४ मुल्य रू. २।-

ग्याष्टि, लिभर तथा पेट सम्बन्धी बिरामीहरूको लागी सूवर्ण अवसर

नेशनल ग्याष्टि एण्ड लिभर क्लिनिक जनकपुरमा ग्याष्टिक लिभर बिषेशज्ञ **डा.ए.के. कश्यप** द्वारा इन्डोस्कपि बाट जाँच गरी विरामीलाई उपचार गरिन्छ ।

प्रत्येक महिनाको पहिलो र तेश्रो शुक्रवार र शनिवार

सम्पर्क

नेशनल ग्याष्टी एण्ड लिभर क्लिनक

हस्पिटल रोड, जनकपुधाम

मो. ९७४११४४७७०

मण्डल हत्याका अभियुक्त प्रहरी नियन्त्रणमा, सइ जिल्ला झिकाइए

टुडे समाचारदाता

जनकपुरधाम , ८ साउन। धनुषाको झटियाहीमा गत् शुक्रबार गरिएको हत्याका अभियुक्तहरुमध्येका एकजना पक्राउ परेको छ । पक्राउ पर्ने सोही गाबिस बस्ने सुनील कुमार यादब रहेको धनुषाका प्रहरी उपरिक्षक हरि बहादुर पालले जनाएका छन्। यादबलाइ शनिबार पक्राउ गरि जिल्ला प्रहरी कार्यालय धनुषा ल्याइएको छ । उनीसगै अन्य दुइजना समेत हत्यामा संलग्न रहेको आशंकामा प्रहरीको अनुसन्धानमा परेका हुन् । उनीहरु दुइजनाबाट सोधपूछ भइरहेको प्रहरी उपरिक्षक पालले बताए । प्रहरी उपरिक्षक पालले भने – गोली चलाइने समूहमै संलग्न रहेकामध्ये सुनील एक रहेको अनुसन्धानले देखाएको हो र सोही घटनामा पक्राउ परेका अन्य दुइजनाबाट सोधपूछ भइरहेको छ। यसैबीच झटियाही माबिमा अभिभावक भेला भइरहदा भएको विवादमा प्रहरीको उपस्थितिमा गोली चलेको प्रकाशमा आएपछि इलाका प्रहरी कार्यालय धनुषाधामका प्रहरी नायब निरिक्षक बिनय कुमार सिंहलाइ जिल्ला झिकाइएको छ। प्रहरी स्रोतका अनुसार उनलाइ शनिबार नै जिल्ला बोलाइएको हो । झटियाही इप्रका धनुषाधामकै मातहातमा पर्ने गाबिस रहेको छ ।

गत् शुक्रबार धनुषाको झटियाहीमा बिद्यालय ब्यवस्थापन समितिको चुनाबको लागि भेला चलिरहदा विवाद भएपछि एक समूहले चलाएको गोली लागि झटियाही ७ बस्ने वर्ष ४० का राम एकबाल मण्डलको मृत्यु भएको थियो। देब्रे छातीमा एक गोली लागेको उनको तात्कालै मृत्यु भएको थियो । स्थानीय प्रत्यक्षदर्शी र मण्डलका आफन्तले एमाले कार्यकर्ता सुनील कुमार साहको समूहले चलाएको गोली लागि मण्डलको मृत्यु भएको दाबी गर्दै आएका छन् ।

एमाओवादीबाट सरकार नेतृत्वमा श्रेष्ठ

टुडे समाचारदाता

काठमाण्डौ, ८ साउन ।लामो समयदेखि आन्तरिक बिबादमा अल्झेको एकीकृत नेकपा (माओवादी)ले आइतबार सरकारमा पार्टीको नेतृत्वको जिम्मेबारी उपाध्यक्ष नारायणकाजी श्रेष्ठलाइ दिएकोछ ।केन्द्रिय समितिको बैठकले सरकारमा मन्त्रीहरुको नयाँ टोली पठाउने निर्णय गरेकोछ। बैठकपछि पार्टी प्रवक्ता दीनानाथ शर्माले उपप्रधानमन्त्री तथा गृहमन्त्रीमा नारायणकाजी श्रेष्ठ, सूचना तथा सञ्चारमन्त्रीमा पोष्टबहादुर बोगटी, भौतिक योजना तथा निर्माणमन्त्रीमा टोपबहादुर रायमाझी, स्वास्थ्यमन्त्रीमा लोकेन्द्र विष्ट र शान्ति तथा पुनःनिर्माण मन्त्रीमा पम्फा भुसालको नाम बैठकले स्वीकृत गरेको जनाए । यसैगरि भूमिसुधारमन्त्रीमा हिसिला यमी, वाणिज्य तथा आपूर्तिमन्त्रीमा लेखराज भट्ट, पर्यटन तथा नागरिक उययनमन्त्रीमा खड्गबहादुर बिश्वकर्मा, महिला बालबालिका तथा समाजकल्याणमन्त्रीमा जयपुरी घर्ती, कानुनमन्त्रीमा प्रभु साह, उद्योगमन्त्रीमा महेन्द्र पासवान र युवा तथा खेलकुदमन्त्रीमा ओनसरी घर्तीमगरलाई पठाउने निर्णय गरिएको छ । त्यसैगरी राज्यमन्त्रीतर्फ गृहमन्त्रालयमा रामकुमार राई, सूचना तथा सञ्चारमा अमर तमु, भौतिक योजना तथा निर्माणमा देवी खड्का, स्वास्थ्यमा सत्य पहाडी, शान्ति तथा पुनःनिर्माणमा शरद्सिंह भण्डारी, भूमिसुधारमा लीला भण्डारी, वाणिज्य तथा आपूर्तिमा धर्मशीला चापागाइ, पर्यटनमा इन्द्रजित चौधरी, महिला बालबालिका तथा समाजकल्याणमा कुमारी मोक्तान, कानुनमा घनश्याम यादव, उद्योगमा ध्रुव आङदम्बे र युवा तथा खेलकुदमा सूर्यमान दोङलाई पठाउने निर्णय गरिएको छ। बैठकले व्यवस्थापिका संसद्को प्रमुख सचेतकमा देव गुरुङ, सचेतकमा कमला रोक्का र सचिवमा खिमलाल देवकोटालाई जिम्मेवारी दिने निर्णय गरेको छ।

शिक्षक कर्मचारीहरुलाइ पोशाक भत्ता मांग

टुडे समाचारदाता

जनकपुरधाम, ८ साउन। मधेसी शिक्षक फोरम नेपाल केन्द्रिय समितिले विद्यालयहरुमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुलाई पोशाक भता उपलब्ध गराउनु पर्ने मांग गरेको छ।

समितिको केन्द्रिय अध्यक्ष विश्वनाथ पटेलको अध्यक्षतामा सम्पन्न केन्द्रिय बैठकले सरकारले स्थायी शिक्षकहरुलाई मात्र पोशाक भता उपलब्ध गराउदैं आएकोमा आपति जनाउदैं विद्यालयमा कर्यरत सम्पुर्ण शिक्षक तथा कर्मचारीलाई अविलम्ब पोशाक भताको रकम निकासा दिने व्यवस्था गर्न मांग गरेका छन ।

समितिले विभिन्न विद्यालयहरुमा कार्यरत अस्थायी शिक्षकहरुको सेवा अवधि गणना गरी सामान्य प्रक्रिया पुर्‍याई स्थायी गर्नु पर्ने मांग गरेका छन ।

केन्द्रिय समितिको बैठकले मधेसवादी शिक्षकहरुको पेशागत हक, अधिकारलाई स्थापित गर्नका लागि संयुक्त मधेसी शिक्षक युनियन निर्माण गर्ने अवधारणलाई अगाडी बढाउने तथा संस्थागत विद्यालयका शिक्षकहरुलाई तलव सुविधा बृद्धि गर्नु पर्ने समेत निर्णय गरेका छन ।

Catch your dreamful destination with us...

भर्ना सम्बन्धी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बाट सम्बन्धन प्राप्त

डिप्लोमा इन **सिभिल इन्जिनियरीङ्ग** - ३ बर्षे

डिप्लोमा इन **इलेक्ट्रिकल इन्जिनियरीङ्ग** - ३ बर्षे

इलेक्ट्रिकल सब ओभरसियर - १.३ बर्षे

सर्वे इन्जिनियरीङ्ग (अमिन) - १.३ बर्षे

पि.सि.एल. हेल्थ ल्याब -३ बर्षे

पि.सि.एल. स्टाफ नर्स -३ बर्षे

योग्यता : SLC उत्तिर्ण

फारम भर्ने अन्तिम मिति : २०६८/४/९ गते

नेपाल टेक्निकल इन्स्टिच्यूट सेन्ट्रल इन्जिनियरीङ्ग कलेज

रामानन्द चौक, जनकपुर-८, फोन: ०४१-५२७३३६, ५२७६४६

www.cecjanakpur.com

गुणस्तरिय शिक्षा प्रति प्रतिवद्ध

जनकपुर क्याम्पस

जनकपुर धाम

२०४८ साल देखि सामुदायिक स्तरमा संचालित यस क्षेत्रको एक मात्र रात्रि कालिन क्याम्पसमा शैक्षिक सत्र २०६८ को लागी मानविकी (Arts)शिक्षा (I.Ed.) तथा वाणिज्य (I.Com) संकाय अन्तर्गत कक्षा ११ मा भर्ना प्रारम्भ गरिएको छ। समयमै सम्पर्क गरि गुणस्तरिय शिक्षा बाट लाभान्वित होआ

कक्षा संचालन: २०६८ श्रावण तेश्रो साता देखि

नोट: दलित तथा अपाङ्ग वर्गको लागी ५०% सम्म छुटको व्यवस्था

बिशेष जानकारीको लागी

जनकपुर क्याम्पस

जनकपुरधाम

फोन नं. ०४१-५२२५१७(जानकी मा.वि.को भवनमा)

समय :- बेलुका ५:00 बजे देखि ८:30 बजे सम्म ।

जनकपुर अञ्चलकै सबैभन्दा पुरानो नर्सिङ्ग होम द्वारा सञ्चालित

सि.टि.ई.भि.टि द्वारा मान्यता प्राप्त

केयर मेडिकल सेन्टर प्रा.लि. (नर्सिङ्ग होम) द्वारा संचालित H.A (हेल्थ असिस्टेन्ट) जेनरल मेडिसिन तथा प्रमाण पत्र तह नर्सिङ्ग **(स्टाफ नर्स)** मा नामांकन गराउनको लागी इच्छुक छात्र, छात्राहरुको लागी भर्ना खुल्यो ।

बिशेषताहरू :

१. जनकपुरका प्रतिष्ठित विशेषज्ञहरु द्वारा अध्यापन ।
२. विषय अनुसारको प्रयोगशालाको उपलब्धता ।
३. इन्टरनेट सहितको कम्प्यूटर प्रयोगशाला ।
४. क्लिनिकल अभ्यासको लागी आफ्नै ५० वेडको अस्पताल ।
५. यस क्याम्पस बाट उर्त्तिर्ण भएका विद्यार्थीहरु देश तथा विदेशमा सजिलै संग MBBS. मा अध्ययन गर्न पाउने ।

भर्ना कार्यक्रम

फारम भर्ने अन्तिम मिति : २०६८ श्रावण ०९ गते सम्म ।

प्रवेश परीक्षा मिति : २०६८ श्रावण १४ गते बिहान ८:०० बजे देखि

सम्पर्क

केयर मेडिकल सेन्टर प्रा.लि. (नसिङ्ग होम) मिल्स एरिया हेल्थ एजुकेशन ईन्स्टिच्यूट, पिडारी चौक, जनकपुर

फोन नं. ०४१-५२०२३०, ५२०४७९ मो ९८५४०२३०५०

MIT+ 2 को भर्ना सम्बन्धी सूचना

एस.एल.सी. परीक्षामा उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरुमा हार्दिक बधाई तथा शुभकामना ।

नयाँ व्यवस्थापनका साथ उप-प्राध्यापक बिनोद कुमार साह (Statistics) र मनोज कुमार साह (Account) द्वारा सञ्चालित यस मिट उच्च मा.वि. मा Computer Science / Travel & Tourism विषयका साथ विज्ञान तथा वाणिज्य संकायमा नयाँ भर्नाको लागि फारम वितरण भै रहेको छ

नोट : विज्ञान संकाय तर्फ भर्नाको लागी एस.एल.सी.मा न्यूनतम प्रथम श्रेणी र ब्यवस्थापन संकाय तर्फ द्वितीय श्रेणीमा उत्तीर्ण विद्यार्थीलाई मात्र परीक्षा आवेदन फारम उपलब्ध गराइने छ ।

प्राचार्य

मनोज कुमार साह

फोन नं. ०४१-५२३०३५

खुल्यो ! खुल्यो !! खुल्यो !!!

मिथिला टेक्निकल एकेडमी प्रा.लि.द्वारा संचालित

३ बर्षे हेल्थ असिस्टेन्ट (H.A) पद्नकोलागी सुवर्ण अवसर

M.T.A का विशेषताहरू :-

- दक्ष डाक्टरहरु द्वारा अध्यापन गराउने ।
- संस्थाको आफ्नै ५० बेडको मिथिला अस्पताल
- आधुनिक प्रयोगशालाको व्यवस्था ।
- इमेल इन्टरनेट र जेनरेटरको सुविधा ।
- सम्पूर्ण विद्यार्थीहरुलाई एक शैक्षिक सत्रको लागी शत प्रतिशत पुस्तकको व्यवस्था।
- Job Placement को लागी Concelling गर्ने छ।
- Audio र Visual Class को व्यवस्था ।

आवश्यक जानकारी :-

- शैक्षिक योग्यता S.L.C. उत्तीर्ण तथा मौका परीक्षामा सम्मलित र C.M.A मा ६८.३३ % अंक ल्याई उत्तीर्ण गरेको ।

फराम बुझाउने अन्तिम मिति : २०६८ श्रावण ९ गते सोमवार सम्म

प्रवेश परीक्षा हुने मिति :

छात्रवृत्ति तर्फ : २०६८श्रावण १३ गते शुक्रवार दिउँसो ३ बजे

पूर्ण शुल्कीय तर्फ : २०६८ श्रावण १४ गते शनिवार विहान ८ बजे

सम्पर्क समय : बिहान ७:०० बजे देखि साँझ ६:०० बजे सम्म ।

MTA

Mithila Technical Academy Pvt.Ltd.

janakpur–4, Mahabir chowk

Tel:/Fax -041-526189 Mob.9844098111, 9844020888, 9724157762

BOSTON COLLEGE® for Professional Studies

Estd: 1996

...where the mission is attainment of knowledge

PERMANENTLY AFFILIATED TO Jiwaji University, Gwalior (A Govt University) APPROVED BY UGC, AICTE, NCTE & INC

The First College to Start BCA in India

Rush for Spot Admission in

>BBA >MBA >BCA >GNM >M.Ed.

>B.Sc. Biotechnology >M.Sc. Biotechnology

>M.Sc. Microbiology >M.Sc. Biochemistry

FEATURES

>Proficient Faculty
>Hi-tech Labs
>Scholarship upto 100%
>Great Placement
>Meditation Hall
>Boy/girl Hostels
>Sports Complex
>Gratis Hobnob
>Full-fledged Gym

>ADD ON FREE PROGRAMS
●BBA: PD+Industrial Project
●MBA: Corporate Skill Module
●BCA: Multimedia+Networking
●BSc: PD+Live Project
●MSc: Research Project

JANAKPUR CONTACT

ASIAN EDUCATION CONSULTANCY

Bhanu Chowk; Mobile: 9844027487 / 9814811777

WIDE RANGE CONSULTANCY

Station Road; Mobile: 9844022245 / 41522688

...Where most students come from Bhutan-Nepal-Manipur Assam-Arunachal Sikkim-West Bengal

COLLEGE ADDRESS: Near Jiwaji University, Gwalior (MP) India

Mobiles: +91-9977700322/ 997700322/ 9685742663

Email: info@bosoncollege.in; Web: www.bostoncollege.in

अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

जनकपुर टुडे
वर्ष ११ २०६८ साउन ९ सोमबार अंक ६६

संकटमा रेल

नेपालको एकमात्र रेल सेवा सरकारी उपेक्षाको कारण संकटमा परेकोछ ।चरम आर्थिक समस्या झेल्दै आएको रेलवे पटकपटक बन्द हुने र सञ्चालन हुने भइरहेकोछ रेललाइ सुधारगर्न यस भेगका जनताहरुले माग गरेपनि त्यो प्रभावकारी हुन सकेको छैन ।नेताहरु रेलवे सेवाप्रति गंभीर देखिएको छैन ।समस्या दिनानुदिन बढदोछ । समाधानका लागि ठोस पहल हुन नसक्दा रेल अब सदाका लागि बन्द हुने अवस्थामा गइरहेकोछ रेलवेको समस्या समाधानका लागि ध्यान नदिने सरकारले हालै कर्मचारीहरुलाइ गरेको तबल बृद्धिको कारण थप संकटमा पर्ने खतरा निम्तिएकोछ ।रेलवेका कर्मचारीहरुले समयमै तलब भत्ता र सञ्चयकोष पाउने गरेका छैनन ।सरकारले बृद्धि गरेको तलब तात्काल उपलब्ध नगराए थप समस्या उत्पन्न हुनेछ रेलको समस्या समाधानका लागि सरकारले चाहिने आवश्यक बजेट तत्काल उपलब्ध गराउनुपर्छ ।तर बजेटमा रेलवेको चर्चा भएपनि प्रयास गरिने बाहेक यति करोड रुपैया उपलब्ध गराइने उल्लेख छैन । रेललाइ चाहिने आबश्यक रकम उपलब्ध नहुँदा मर्मत संभार र कर्मचारीको तलब भत्ता समयमा दिन कठिन हुनेछ ।रेलवेमा सरकारले विशेष बजेट दिनुपर्ने बेला हेलचक्रयाइ गरेकोछ ।सरकारले बजेटको ब्यवस्था गरेर सुधार गर्नुपर्छ ।

सम्पादकलाई चिठ्ठी

नियमित पाठक छु

श्री सम्पादक

जनकपुर टुडेको म नियमित पाठक छु ।बिहानै टुडे पढन नपाउँदा मलाइ के छुटेको जस्तो लाग्छ ।पत्रिकाको नियमित पाठक भएकोले म बेला बेलामा पत्रपनि पठाउने गरेकोछु ।जनकपुर टुडेमा अझै सुधारको खाँचोछ ।भाषिक अशुद्धि बढन थालेकोछ ।पत्रिकामा देखिएको अशुद्धिहरु हटाउन ध्यान दिनु आवश्यक छ ।भाषा सिक्नपनि पत्रिका पढिने बनाउन हुन म सुझाव दिन चाहन्छु ।

विमल ठाकुर
जनकपुर

५० प्रतिशत धान रोपाइ सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम , ८ साउन। जिल्ला कृषि बिकास कार्यालयले धनुषा जिल्लाको बिभिन्न स्थानमा गरी औसत ५० प्रतिशत रोपाइ सम्पन्न भएको जनाएको छ । कार्यालयले कुनै क्षेत्रमा ९० प्रतिशत सम्म रोपाइ भइसकेको हो भने कतै ४० प्रतिशतसम्म भएको हुनाले औसत ५० प्रतिशत भन्दा बढी रोपाइ भइसकेको जनाएको हो ।

झण्डै १० दिन पहिला मात्र १० प्रतिशत रोपाइ भएको धनुषा जिल्लाको अधिकांश भागमा समान रुपले पछिल्लो साता दुइदिनसम्म निरन्तर वर्षा हुदा धान रोपाइले तिब्रता पाएको हो। धनुषा जिल्लामा कुल धान खेतीयोग्य क्षेत्रफलको ५० प्रतिशत क्षेत्रफल ३३ हजार हेक्टरमा रोपाइ भइसकेको हो।

पछिल्लो वर्ष साउन दोस्रो साता चलिरहदा झण्डै ४० प्रतिशत क्षेत्रफलमा मात्रै रोपाइ सम्भव भएको थियो । तर यस वर्ष भने नियमित अन्तरालमा समान रुपले पानी परिरहदा धान खेतीयोग्य क्षेत्रफलको कुल ९० प्रतिशतमा रोपाइ हुने अनुमान कृषि बिकास कार्यालयको छ । पछिल्लो १० वर्षमा गत् वर्ष सबैभन्दा बढी १ लाख ४१ हजार ९५ मेट्रिक टन धान उत्पादन गरेको धनुषा जिल्लाले यसवर्ष गत् वर्षको अपेक्षा उत्पादनमा अझै बृद्धि हुने अनुमान गरेको छ ।

समयमै पानी परेपनि बाढी समेत नआएको र सिंचाइजन्य क्षेत्रफलमा बृद्धि भएकोले उत्पादन अझै बढ्न सक्ने अनुमान गरिएको छ । गत् वर्ष अन्य वर्षको अपेक्षा रोपाइ भएको क्षेत्रफल पनि बढी रहेको थियो। उत्तरी धनुषाको खेतीयोग्य धान रोपाइ हुने अधिकांश क्षेत्रमा रोपाइ भइसकेको र सो क्षेत्रमा ९० प्रतिशतको हाराहारीमा किसानहरुले रोपाइ सम्पन्न गरिसकेको कार्यालयले जनाएको छ। तर पूर्वी धनुषाको अझै कतिपय गाबिसमा भने रोपाइ हुन सकेको छैन् । उत्तर पूर्वी धनुषाको लक्ष्मीपुर बगेवा , बनिनियाँ गोपालपुर , सपही लगायतका गाबिसहरुमा भने रोपाइ अन्तिम चरणमा पुगेको छ । पूर्वी धनुषाको पर्बाहा गाबिस भन्दा पूर्बका कतिपय गाबिसमा रोपाइ ३० प्रतिशत सम्म मात्र हुन सकेको कृषि बिकास कार्यालयका अधिकृत सुरेन्द्र गोइतले जनाएका छन् । रोपाइ हुन नसकेको पूर्वी धनुषाको यदुकोहा लगायत सबैला क्षेत्रमा भने रोपाइले तिब्रता पाउन थालेको छ। पछिल्लो साता पानी पर्दा एकैपटक ती क्षेत्रमा रोपाइले तिब्रता पाउन थालेपछि कामदारको अभावमा रोपाइ समान रुपले हुन नसकेको अधिकृत गोइतको भनाइ छ। आफूहरुको स्थलगत् अध्ययनले देखाएको जनाएको छ।

डीएपी मल सहज उपलब्ध

टुडे समाचारदाता

जनकपुरधाम, ८ साउन । तीन सातादेखि अभाव रहेको धनुषा जिल्लामा आइतवारदेखि डीएपी मलको आपूर्ती सहज बनेको छ । आइतवार बिहान बीरगंजबाट ४० टन डीएपी मल जनकपुरस्थित नेपाल कृषी सामग्री कम्पनीमा आइपुग्दा आपूर्ती सहज बनेको हो ।

यस वर्ष मलको अभाव हुन नदिने दावी गर्दै आएपनी कम्पनीमा गत तीन सातादेखि डीएपी मलको अभाव सिर्जना भएपछि धनुषा तथा महोत्तरी जिल्लाका कृषकहरु समस्यामा परेका थिए ।

सात सय बोरा मल आइतवार नै विक्रिवितरण भइसकेको कम्पनीले जनाएको छ ।

डीएपी मलको आपूर्ती आइतवारदेखि सहज बनेको र अब अभाव सिर्जना नहुने कम्पनीका प्रमुख विष्णुकान्त झाले बताए । झाका अनुसार सोमवार पनि ७ देखि ८ सय बोरा डीएपी मल जनकपुर भित्रिने भएकोले धनुषा र महोत्तरीका कृषकहरुलाई अव कुनै पनि मलको अभाव हुने छैन् । कम्पनीले डीएपी बाहेक युरिया र पोटासको विक्रिवितरण गर्दै आएको छ ।

द्रबीडले शतक लगाएपनि टिम इन्डिया कमजोर स्थितिमा

एजेन्सी

लर्डस् , ८ साउन । इंग्ल्यान्ड बिरुद्धको पहिलो टेस्टको पहिलो इनिंग्समा २ सय ८६ रनमै सिमित भएपछि टिम इन्डिया पहिलो टेस्टमा कमजोर स्थितिमा पुगेको छ । टिम इन्डियाले पहिलो इनिंग्समा २ सय ८६ रन बनाउदा इंग्ल्यान्डले पहिलो इनिंग्समा मात्रै १ सय ८७ रनको अग्रता लिएको छ ।

आइतबार ४ रनको स्थितिबाट आफ्नो दोस्रो इनिंग्सको सुरुवात गरेको इंग्ल्यान्डले चौथो दिनको खेल जारी रहदासम्म ५ बिकेटको क्षतिमा ८२ रन बनाएको छ । उसको लागि क्रिजमा इयन मोर्गन १७ र म्याट प्रायर १७ रन बनाएर ब्याटिङ्ग गर्दैछन् ।

सुरुको ५ बिकेट लगालग खसेपछि इंग्ल्यान्ड टोलि समान्य दबाबमा आएपनि उसले पहिलो इनिंग्समा पाएको अग्रताले गर्दा टिम इन्डिया समक्ष उसले सम्मानजनक लक्ष्य प्रस्तुत गर्न सफल हुने भएको छ। चौथो दिनको खेल ३५ ओभर मात्रै चलिरहदा उसले २ सय ८५ रनको अग्रता लिइसकेको छ । उसको इनिंग्समा कप्तान एन्ड्रयु स्ट्रस ३२ तथा जोनाथन ट्रटले २२ रनको योगदान गर्नु अतिरिक्त अन्य तीनजना ब्याट्सम्यान अलेष्टर कुक , इयन बेल तथा पहिलो इनिंग्समा दोहोरा शतक लगाएका केभीन पिटरसनले दोहोरा स्कोर समेत छुन सकेनन् । ५४ रनमा मात्र दुइ बिकेट गुमाएपनि इन्डियाका लागि इशान्त शर्माले लगालग ३ बिकेट लिएपछि इंग्ल्यान्डको स्कोर ६२ रन पुग्दा ५ बिकेट भएको थियो। हरभजन सिंह र प्रवीण कुमार समान एक एक बिकेट लिएका छन्। जहीर खान इन्ज्युर्ड हुदा चौथो दिनको खेलमा टिमइन्डिया २ जना तेज बलर लिएर लर्ड्समा उत्रिन बाध्य भएको हो । यसअघि लर्ड्समा टस हारेर पहिला ब्याटिङ्ग गर्ने आमन्त्रण पाएको घरेलु टोलि इंग्ल्यान्डले केभीन पिटरसनको उत्कृष्ट २ सय २ रनको इनिंग्सले ८ बिकेटको क्षतिमा ४ सय ७४ रन बनाएर इनिंग्स डेक्लियर गर्दा टिम इन्डियाले पहिलो इनिंग्समा कमजोर प्रदर्शन गर्दै मात्र २ सय ८६ रनमा सिमित हुन पुगेको थियो। राहुल द्रबीडले संयमित इनिंग्स खेल्दै १ सय ३ रनको अबिजित इनिंग्स खेलेका थिए। उनले टेस्ट क्रिकेटको ३३ औं शतक समेत लगाएका हुन् ।

गोइत समेत पाँच निकालिए

टुडे समाचारदाता

जनकपुरधाम, ८ साउन। राष्ट्रिय प्रजातन्त्र पार्टी धनुषाले पांच जना कार्यकर्तालाई पार्टी विधान विपरित काम गरेको भन्दै दुई वर्षको लागि साधारण सदस्यबाट हटाउने निर्णय गरेको छ

जिल्ला कार्यसमितिले पार्टीका सदस्यहरु देव नन्दन गोईत, मो. शेष दाउद, कमलेश मण्डल, जगदिश ठाकुर र जुगेश्वर महतोलाई पार्टी विधान विपरित काम गरिरहेको भन्दै साधारण सदस्यबाट हटाएका छन । उनीहरुलाई समितिले पटक पटक सचेत गराउदै आएपनि पार्टीको निर्देशनलाई वेवास्ता गरेको हुनाले समितिको साधारण सदस्यबाट दुई वर्षको लागि हटाएको जिल्ला सचिव राम नरेश यादवले जानकारी दिएका छन ।

तपाईको आज

पण्डित : बम जी

मेष	:भाग्योदय हुने
बृष	:सुखको अनुभूती
मिथून	:ब्यापारमा लाभ
र्कंकट	:स्वास्थ्यमा बाधा
सिंह	:साथीभाइसित विवाद
कन्या	:अचल सम्पत्ती
तुला	:साहित्यमा चासो बढने
वृश्चिक	:धर्मकर्ममा खर्च बढने
धनु	:मांगलिक कार्यको योग
मकर	:सन्तान सुख
कूम्भ	:समाजमा सम्मान
मीन	:खर्च र विवाद बढने

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बर

☎☎जनकपुरधाम ०४१☎☎जलेश्वर ०४४

वारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	५२००९९,१००
एम्बुलेन्स(केयर)	५२०२३०,५२३८६४
एम्बुलेन्स(रेडक्रस)	१०२
एम्बुलेन्स(मेडिकल कलेज)	५२६०९०,५२६०९१
एम्बुलेन्स(हिमालय युवा क्लव)	०४१-६२०४९१
अञ्चल अस्पताल	५२००३३
केयर मेडिकल सेन्टर	५२०२३०,५२३८६४
धनुषा अस्पताल	५२५८००
रक्तसंचार(रेडक्रस)	५२०८७०
कृष्णा नर्सिङ्गहोम	५२१९१८
आँखा अस्पताल	५२०३९७

रेडियो टुडे(९१ मेगाहर्ज)	५२७४९१,५२७५९१
एम्बुलेन्स सहिद स्मृति प्रतिष्ठान	९८०४८१८४०४
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२३५४०
एयर पोर्ट	५२००४४
बिद्युत फ्यूज शाखा	५२०१५१
जानकी केवुल	५२३७२८
साह केवुल	५२४७२२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
बछार प्रसुति केन्द्र	५२२४५७
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स,शिवचोक	५२००४७
एम्बुलेन्स गणेश युवा कमिटी	५२६३६०

जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी	०४४-५२०००९
एम्बुलेन्स	०४४-५२०१००
समाजविकास संस्थान	९८४४०२६८९७
बिद्युत	०४४-५२००६६
बिद्युत	०४४-५२०१६६
वारुण यन्त्र	०४४-५२००९७

रेल सेवा

जनकपुर-जयनगर
जनकपुर नगरपालिका
बिहान :६:४५,११ :३०
दिउँसो ३:२०

जयनगर-जनकपुर
बिहान ७:४५,११:३०
दिउँसो ३:३०

जनकपुरबाट विहान काठमाडौं जाने बसहरु

मकालु	विहान ६:०० बजे
अग्नि	विहान ५:५० बजे

पीसीएफ कोटाका शिक्षकहरुले बिरोध ज्याली गरे

टुडे समाचारदाता

मलंगवा, ८ साउन ।सर्लाहीको मलंगवामा आइतबार पीसिएफ शिक्षकहरुले आफ्नो हक हितको माग गर्दै ज्याली निकाल्दै शिक्षा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएको छ ।

शिक्षकहरु आंशिक शिक्षकलाई पूर्ण गर , एक शिक्षकलाई ५० विद्यार्थी बापतको तलब दिउ, आंशिकलाई पूण गरेर मात्र ०६८ सालको पीसिएफ कोटा बितरण गर, अन्तराष्ट्रि मजदुर माहासन्धी अनुसार ज्याला दारी दिउ तथा समान कामको लागि समान ज्याल दिनु पर्ने माग गर्दै शिक्षकहरु आन्दोलित भएको पीसिएफ शिक्षक दिपक गौतमले जानकारी दिनुभयो । जिल्लामा हाल केहि बर्ष देखि पूर्ण पीसिएफ कोटा बितरण नगरी आंशिक कोटामात्र बितरण गएको शिक्षक देबेन्द्र कार्कीले जानकारी दिए । आंशिक तलब दिदां एउटा मजदुर भन्दा पनि कम भएको र आफुहरुलाई गुजारा गर्न कठिनाई भएको कार्कीको भनाई रहेको छ। शिक्षकहरुले आफुहरुको मागलाई दुई दिन भित्र सम्बोधन नगरिए श्रावण ११ गते देखि अनिश्चितकालीन चरणबद्ध आन्दोलनका कार्यक्रमहरु गर्न बाध्य हुने भनि जानकारी पीसिएफ शिक्षक संघर्ष समितिका अध्यक्ष राम नरेश राय यादवले बताउनुभयो ।

लागु औषध बरामद

टुडे समाचारदाता

मलंगवा, ८ साउन ।भारतबाट नेपाल ल्याउदै गर्दा प्रहरीले आइतबार सर्लाहीको मलंगवाबाट लागु औषध बरामद गरेको छ। भारतको सोनवर्षा बजारबाट सर्लाहीको मलंगवामा ल्याउने क्रममा प्रहरीले मलंगवाको कृष्णादेवी उच्च मावि नजिकको बाटोबाट लागु औषध बरामद गरेको प्रहरी उपरीक्षक मोहनराज जोशीले जानकारी दिनुभयो

गणतान्त्रिक केन्द्रिय समितिमा यादव

टुडे समाचारदाता

जनकपुरधाम, ८ साउन । मधेसी जनअधिकार फोरम गणतान्त्रिकको केन्द्रिय कार्यसमितिमा धनुषाबाट गजाधर यादवलाई मनोनयन गरेको छ । पार्टीले आइतबार एक विज्ञप्ति जारी गर्दै यादवलाई केन्द्रिय कार्यसमितिमा मनोनयन गरेको जानकारी दिएका छन। साथै जिल्ला कार्यसमिति धनुषाले यादवलाई केन्द्रिय कार्यसमितिमा मनोनयन गरेकोमा धन्यवाद समेत ज्ञापन गरेका छन ।

रगत आपूर्ती सहज भएन,दाताहरुलाइ अगाडी आउन आव्हान

टुडे समाचारदाता

जनकपुरधाम, ८ साउन। विगत लामो समयदेखि नेपाल रेडक्रस सोसाइटी धनुषामादेखिएको रगत अभावको समस्या अझै कायमै रहेको छ ।

तराई क्षेत्रका हजारौं विरामीहरुलाई रगत आपुर्ति गर्दै आएको रेडक्रसमा रगत अभाव भएपछि रोगीहरु समस्यामा परेका छन । विगत केहि दिन यता रक्त दान गर्ने मानिसको संख्यामा कमी आएपछि रगतको अभाव भएको रेडक्रस धनुषाका मन्त्री नरेश प्रसाद सिंहले जानकारी दिएका छन ।

उनले रेडक्रसमा रगत अभाव भएपछि जनकपुर अञ्चल अस्पतालमा उपचार गराउन आउने विरामीहरुलाई झन समस्या उत्पन्न भएको बताएका छन। रेडक्रस कार्यालयका अनुसार (विगत केहि दिन यता ब्लड बैंक जनकपुरमा सबै समुहको रतगको अभाव रहेको छ। रेडक्रसमा रगत अभाव भएपछि हेटौडा,काठमाण्डौं लगायतको ठाउंबाट रगत आपुर्ति गर्ने गरेको कार्यालयले जनाएकोछ। रेडक्रसमा यहांका विभिन्न समुह, क्लब तथा संघसंस्थाले रक्तदानमा जोड नदिएसम्म रगत अभावको समस्या यथावत रहने कार्यालयले जानकारी दिएकोछ। अस्पतालमा उपचार गराउन आउनै सयौं विरामीलाई रेडक्रसले रगत आपुर्ति गर्दै आएकोछ ।

धनुषा, महोत्तरी,सिरहा, सर्लाही, सिन्धुली तथा भारतको सिमावर्ती क्षेत्रका विरामीहरु अस्पतालमा उपचार गराउन आउने गरेका छन ।

महतोको स्मृति दिवस मनाइयो

टुडे समाचारदाता

जनकपुरधाम, ८ साउन। नेपाली कांग्रेस धनुषाले रामबहादुर महतोको ११ औं स्मृति दिवस मनाएकोछ । आइतबार पार्टीले शान्ति प्रकृया तथा संविधान निर्माण विषयक विचार गोष्ठीको आयोजना गरी महतोको ११ औं स्मृति दिवस मनाएका हुन । कार्यक्रममा सहभागिहरुले महतोको जिवनी सम्बन्धमा प्रकाश पारेका थिए । पार्टीका केन्द्रिय सदस्य राजन पन्तको प्रमुख आतिथ्य तथा नगर वडा कार्यसमितिको अध्यक्ष सुरेश कोइरालाको अध्यक्षता सम्पन्न भएको सो कार्यक्रममा सभासद कृष्णा ठाकुर, पूर्व सांसद स्मृति नारायण चौधरी, शिवधारी यादव, सन्तोष यादव,धिरेन्द्र मोहन झा, किशोरी साह, हरीनारायण साह, देवु झा लगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

दूर्घटनामा एकको मृत्यु

टुडे समाचारदाता

पथलैया, ८ साउन ।पुर्वपश्चिम राजमार्ग अन्तर्गत वीरगञ्ज पथलैया सडकखण्डको १३ किलोमीटर भन्ने ठाउँमा गएराती मोटरसाईकल दुर्घट्नामा परी एक जनाको मृत्यु हुनुको साथै एक जना घाईते भएका छन् ।

पुर्ववाट पथलैया तर्फ आउदै गरेको ना १८ प ४४०७ नम्बरको मोटरसाईकल पुलमा ठोक्कीदा कलैया नगरपालिका वडा नम्बर ११ का ३० वर्षिय दिपेन्द्र यादवको मृत्यु भएको हो ।

मोटरसाईकलमा सवार कलैया नगर पालिका वडा नम्बर ५ का करीव २८ वर्षिय कृष्ण कुशवाहा गम्भीर घाईते भई वीरगञ्जमा उपचार हुन नसकेपछि काठमाण्डौ पठाईएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

प्रहरी कुटाइबाट बोली बन्द

टुडे समाचारदाता

गौर, ८ साउन ।प्रहरीको कुटाईबाट रौतहटको गरुडा बैरिया आठका १६ वर्षका राहुलकुमार साहको आवाज नै बन्द भएको छ ।

ईलाका प्रहरी गरुडाका प्रहरी निरीक्षक जनकबहादुर साहीले करेन्ट लगाएर कुटेपछि साह गम्भिर घाइते हुनु भएको छ । साहको गरुडामा उपचार हुन नसकेपछि थप उपचारका लागि वीर गन्ज पठाइएको छ। रौतहटको गरुडामा रहेको सन्तोस कोल्ड स्टोरमा कार्यरत साहमाथि झुटो चोरीको अभियोग लागाए पक्राउ गरेको साहका आफन्तले बताएका छन् । यसैबीच घटनाको विरोधमा उत्रिएका स्थानियबासिन्दाले प्रहरीलाई आक्रमण गर्न खोज्दा केही समय झडप भएको छ ।

MONASTIC CAMPUS
(10+2 IN Science, Commerce and Education)

नयाँ भर्ना सम्बन्धी सूचना !

२०६७ सालको एस.एल.सी. परीक्षामा उत्तीर्ण भएका सम्पूर्ण विद्यार्थीहरुमा हार्दिक बधाई ज्ञापन गर्दै यस मोनाष्टिक आ.आ.उ.मा.वि. मा शैक्षिक सत्र २०६८/०६९ का लागी कक्षा-११ मा विज्ञान (Science) वाणिज्य (Commerce) र शिक्षा (Education) संङ्काय भर्नाका लागी आवेदन फारम धमाधम वितरण भईरहेको जानकारी गराउँदछौं ।

कक्षा संचालन २०६८ श्रावण ६ गते बिहिबार देखि

हाम्रो विशेषताहरु

१. छात्र/छात्रा दुबैका लागि बेग्ला-बेग्लै सुव्यवस्थित छात्रावासको सुविधा भएको।
२. त्रिविका वरिष्ठ, अनुभवि एवम् ख्यातिप्राप्त प्राध्यापकहरुबाट अध्यापन ।
३. कक्षा "शिक्षण क्रियाकलापमा" बढी केन्द्रित तथा ट्युशनको झन्झटबाट मुक्त।
४. एउटा कक्षामा ३५ छात्रा-छात्रा भन्दा बढी नराख्ने व्यवस्था ।
५. Unit test, Class test saturday test को व्यवस्था ।
६. विशाल पुस्तकालयका साथै भौतिक सुविधासम्पन्न कक्षा कोठाहरु ।

सम्पर्क स्थान:
मोनाष्टिक आ.उ.मा.वि.
जनकपुरधाम, धनुषापथ र भानुचौक,
फोन नं. ०४१-५२२२७९ (धनुषा पथ) ०४१-५२११०७ (भानुचौक,)

नेपाल धानुक समाजको आवश्यक सूचना

नेपाल धानुक समाज जिल्ला कार्य समितिले धनुषाको मिति २०६८/०४/०५ गतेको वैठकको निर्णयानुसार नेपाल धानुक समाज संग आवद्ध विद्यार्थीहरुले सरकारी विद्यालयबाट अध्ययन गरी २०६७ सालको एस.एल.सी. परीक्षामा उत्कृष्ट अंक प्राप्त गरी उत्तीर्ण भएको छात्र तर्फ पहिलो, दोश्रो, र तेश्रो त्यस्तै छात्रा तर्फ पनि पहिलो, दोश्रो, र तेश्रो समेत जम्मा -६ जनालाई पुरस्कृत गर्ने निर्णय भएको हुँदा सोको लागी तपसिल बमोजिम प्रमाण-पत्रहरु निम्न स्थान र मितिमा पेशगर्नु हुन लाई सूचित गरिन्छ ।

तपसिल
१. निवेदन
२. नागरिकताको वा जन्मदर्ताको फोटो कपिं
३. २०६७ सालको एस.एल.सी. परीक्षा उर्त्तिर्ण भएको मार्कसिटको फोटो कपिं
४. जातिय प्रमाणको सिफारिश
५. दरखास्तको अन्तिम मिति २०६८/०४/३० गते सम्म
६. स्थान : जनसिप कार्यालय रामानन्द चौक जनकपुरधाम

शंकर मण्डल
अध्यक्ष
नेपाल धानुक समाज

राहदानी हरायो

घरबाट जनकपुर बसपार्क जाने क्रममा मिति २०६८/२/१६ गते मेरो निम्न व्यहोरा भएको राहदानी बाटोमा हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध छ ।
नाम : अजमुदिन खान
ठेगाना: न.पा. जलेश्वर ११,महोत्तरी
राहदानी नम्बर :२४२४५२७

राहदानी हरायो

घरबाट जनकपुर बसपार्क जाने क्रममा मिति २०६८/२/१९ गते मेरो निम्न व्यहोरा भएको राहदानी बाटोमा हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध छ ।
नाम : कलादेव यादव
ठेगाना: गाविस लक्कड-१,धनुषा
राहदानी नम्बर : २४१८९४४

भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।

जनकपुर अञ्चल भरि मै सर्वाधिक ख्याति प्राप्त

Mahendra Institute of Medical Sciences
Janakpurdham
PCL (Diploma) -3 years Course

ल्याव टेक्नीसियन
(CMLT)
Affiliated to CTEVT

क. अंग्रेजी, विज्ञान र गणित विषय लिई एस.एल.सी.परीक्षा उतीर्ण भएको।
ख. ल्याव असिस्टेन्ट कम्तिमा ६८.३३ प्रतिशत अंक ल्याई उतीर्ण भएको।

फरम भर्ने अन्तिम मिति :- श्रावण ७ गते सम्म ।
प्रवेश परिक्षा हुने मिति :- छात्रवृति तर्फ श्रावण १३ गते ३ बजे
पुर्ण शुल्कीय तर्फ श्रावण १४ गते विहान ८ बजे ।

महेन्द्र ईन्स्टिच्यूट अफ मेडिकल साईन्सेज् (मिम्स),
जनकपुरधाम पगलाबाबा धर्मशालाको दक्षिण, जानकी नगर
मो नं.:- ९८४४०२८११५, ९८४४०२६०६५

राहदानी हरायो

घरबाट जनकपुर बसपार्क जाने क्रममा मिति २०६८/२/१६ गते मेरो निम्न व्यहोरा भएको राहदानी बाटोमा हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध छ ।
नाम : फुलगेन धामी दनुवार
ठेगाना: रघुनाथपुर -७,धनुषा
राहदानी नम्बर :१७७८२८८

राहदानी हरायो

घरबाट जनकपुर बसपार्क जाने क्रममा मिति २०६८/२/१६ गते मेरो निम्न व्यहोरा भएको राहदानी बाटोमा हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध छ ।
नाम : राम कुमार यादव
ठेगाना:न.पा. बालाबाखर -१,धनुषा
राहदानी नम्बर :३६३९२७९

Brindavan Colleges Group of Institutions
Bangalore, India

PG COURSES
* Ph.D. Microbiology
* M.Sc. Biotechnology
* M.Sc. Microbiology
* M.Sc. Applied Genetics
* MBA and MCA

UG COURSES
B.Sc.
* Biotechnology
* Microbiology
* Genetics
* Computer Sc.
* BBM
* B.Com
* BCA

ENGINEERING
* Electronics & Communication Engg.
* Computer Science Engineering
* Information Science Engineering
* Civil Engineering
* Mechanical Engineering
* BE

Nepal Admission Office:
Wide Range Consultancy P. Ltd
Station Road, Janakpur Dham
041-522688
9807802274

पब्लिक यूथ क्याम्पस को
भर्ना सम्बन्धी सूचना
उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरुमा शुभकामना ।

शैक्षिक शत्र ०६८/०६९ सालको I.Sc. I.Com र I.Ed. को कक्षा-११ मा Section 'B' र 'C' मा नयाँ भर्नाको लागी उत्तिर्ण सम्पुर्ण विद्यार्थीहरुमा सूचित गरिन्छ । कक्षा सञ्चालन साउन ५ गते देखि ।

उपलब्धिहरु :
क) शिक्षा मन्त्रालय अन्तर्गतका Medical, Engineering र Management तर्फ दर्जौंनौं विद्यार्थीहरुले Scholarship पाएको
ख) विभिन्न Embassy हरुबाट Scholarship मा Doctors, Engineer र C.A का साथै अन्य पेशामा समेत प्रवेश पाएको
ग) जिल्ला र अञ्चल स्तरीय उच्चतम् स्थान पाउन सफल भएको ।

VISIT ONCE PUBLIC YOUTH CAMPUS

संस्थापक
श्री राममणि पोखेल
श्री विजय दत्त
श्री दिनेश यादव
श्री धिरेन्द्र यादव

विनोद यादव
प्रिन्सिपल
पब्लिक यूथ क्याम्पस
फोन नं. ०४१-५२३८५७,

Admission Open for 10+2
Rajarshi Janak Campus

शै.स.०६८/०६९ को लागी कक्षा 11 Science, Commerce Education, Art संकायमा नामाकंनको लागी आवेदन फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौ ।

बिषय हरु:
I.Sc. with Computer Science
I.Com with Computer & T.T.
I.Ed with Mass.Communication
I.A with R.D. & Sociology

भर्ना कार्यक्रम :
फारम वितरण : २०६८ अषाढ ७ गते देखि
प्रवेश परीक्षा : २०६८ अषाढ ३१ गते बिहान: १०:०० बजे देखी
नामांकन : २०६८ श्रावण १ गते देखी
कक्षा सञ्चालन : २०६८ श्रावण ५ गते देखि

सम्पर्क स्थान:
राजर्षि जनक क्याम्पस
जनकपुरधाम, -४,
फोन नं. ०४१-५२१८६०, ५२०१५५, ९८४४०२५०४३

खुल्यो ! खुल्यो !! खुल्यो !!!
एउटा मात्र "शिक्षा संकाय" मा जोड दिने उद्देश्यले स्थापित
गौरी क्याम्पस,जनकपुर-९
आर्थिक र शैक्षिक रुपमा मध्यम विद्यार्थीहरुका लागि अतुलनीय प्योर एजुकेशन क्याम्पस

उल्लेखनीय ४औं वर्षमा प्रवेश:
I.Ed. (XI & XII) र B. Ed. (Three-year) का कक्षाहरु अनुभवी तथा ख्याति-प्राप्त प्राध्यापकहरुको भावनात्मक सहयोग लिंदै व्यवहार-कुशल, दुरदर्शी एवम् सिंगल संस्थापक द्वारा गुणस्तरीय र व्यवस्थित रुपमा मनलोभ्याउने, सुविधायुक्त तथा नवनिर्मित शैक्षिक भवनको शान्तिपूर्ण वातावरणमा सु-सञ्चालित ।

कक्षा XI (I.Ed.) मा नयाँ भर्नाको लागि कार्यक्रम
प्रवेश फारम वितरण : अषाढ २६ गते देखि
प्रवेश परीक्षा : श्रावण १२ गते (विहान ८ बजे देखि १० बजेसम्म)
नतिजा प्रकाशन/अन्तर्वार्ता/नामांकन : श्रावण १३ गते /देखि
कक्षा सञ्चालन : श्रावण १५ गते देखि
सम्पर्क समय : बिहान ६ बजे देखि बेलुकी ६ बजे सम्म

प्रिन्सिपल : कृष्णचन्द्र यादव (K.C.Y.Sir)
गौरी स्कूल - क्याम्पस
(Nursery to 10, I.Ed. (XI&XII) and B.Ed. (Three-year)
संस्थापक : किशोरी नायक (उप-प्राध्यापक, अंग्रेजी)
जनकपुरधाम -९, बेल्ही, बंशी चौक (पिडारी चौक र ज.चु.का.लि.को बीचमा)
(ॐ शान्ति भवन भन्दा उत्तरपट्टी) फोन नं. **०४१-५२८१४३, ५२८१९३**

दीगो आयआर्जनका लागि भौतिक पूर्बाधारको खाँचो

टुडे समाचारदाता

जनकपुरधाम, ८ साउन । धनुषा जिल्लामा गरिबी निवारणको लागि दिगो आयआर्जन गर्ने भौतिक पूर्वाधारहरुको खांचो रहेको सहभागिहरुले बताएका छन् ।

गरिबी निवारण कोष काठमाण्डौको सहयोगमा सहयोगी संस्था समन्वय समिति धनुषाले आइतवार मुजेलियामा आयोजना गरेको जिल्लास्तरीय वार्षिक समिक्षा बैठकका सहभागिहरुले यस्तो धारणा राखेका छन् ।

स्थानीय विकास अधिकारी सुर्यकान्त झाको अध्यक्षतामा भएको बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी कोषहरी निरौलाले जिल्लाबाट गरिबी निवारणभन्दा न्युनिकरणमा ध्यानदिनुपर्नेमा जोड दिए ।

उनले धनुषा जिल्लाका विभिन्न गाविसहरुमा छरिएर बसोबास गर्दै आएका गरिबहरुलाई आय आर्जन गर्ने सीपमूलक तालिमहरु दिई उनीहरुको जीवनोस्तर उकास्नुपर्ने धारणा सहायक प्रमुख जिल्ला अधिकारी निरौलाले राखे । जिल्लाका १४ वटा साझेदार संस्थाहरुले गरिबी निवारण सम्बन्धी कार्यक्रमहरु संचालन गर्दै आएको हो ।

नगरपालिकाका वडा नम्बर १२, १४, १५ र १६ सहित जिल्लाका ५१ गाविसहरुमा संचालित उक्त कार्यक्रममार्फत ३ सय ७१ सामुदायिक संस्थाहरु गठन गरेको कार्यक्रम प्रबन्धक अजय कुमार पटेलले बताए ।

ती सामुदायिक संस्थाहरुमध्ये एक सय ६१ संग सम्झौता गरेर हालसम्म ५ करोड ७८ लाख रुपैया प्रवाह गरिएको जानकारी उनले सहभागिहरुलाई दिए । गठित सामुदायिक संस्थाहरुले दैनिक खर्चबाट बचत गरेर हालसम्म २८ लाख ५० हजार बढी रुपैया जम्मा गरेको छ ।

सो अवसरमा साझेदार संस्थाका प्रतिनिधिहरुले आर्थिक वर्ष २०६७/०६८ को प्रगतिविवरण प्रस्तुत गरे । आसमान नेपाल, सामुदायिक परिवार कल्याण संघ, फेथ नेपाल, समाज विकास पथ, जानकी महिला जागरण समाज, केयर सोसाइटी अफ नेपाल, मित्र धनुषा, जनताको ग्रामिण विकास तथा जनजागरण कार्यक्रम सेवा, समाज उत्थान युवा केन्द्र, रातु विकास परिषद, धनुषा सेवा समिति, ग्रामिण सामुदायिक विकास केन्द्र, सामाजिक विकास र अनुसन्धान केन्द्र जनकपुर साझेदार संस्थाको रुपमा ती गाविसहरुमा कार्यक्रम गरिरहेकाछन ।

गठित सामुदायिक संस्थाहरुलाई भैंसी, गाई, बाखा, कुखुरा, बंगुर पालनतर्फ आकर्षित गर्नको लागि साझेदार संस्थाहरुले आवश्यक तालिम र जानकारीहरु दिने गरेको गरिबी निवारण कोष धनुषाका फोकल पर्सन समेत रहेका जिल्ला विकास समिति धनुषाका कार्यक्रम अधिकृत राभजन यादवले बताए ।

सो अवसरमा गरिबी निवारण कोषका रामप्रसाद ढकाल, गाविस सचिव हकहित संरक्षण केन्द्रका जिल्ला अध्यक्ष भरत यादव लगायत राजनीतिक दल, गैर सरकारी संस्था, सम्बन्धित गाविस सचिवहरुका उपस्थिति रहेको थियो ।

सोही अवसरमा आसमान नेपालका समाजिक परिचालक विष्णुदेव साहका परिवारजनलाई नगद २५ हजार तीन सय ४५ रुपैया सहयोग प्रदान गरियो ।

साहको कार्यक्षेत्रमै असामायिक निधनभएकोले गैर सरकारी संस्थाका कर्मचारीहरुले एक दिनको तलब बराबरको रकम उनको परिवारजनलाई सहयोग गरेका थिए ।

शिक्षकमाथि गोली प्रहार

कमलेश मण्डल

जलेश्वर, ८ साउन ।जनतान्त्रिक तराई मुक्ती मोर्चा राजनमुक्ति समुहले शनिबार राति महोत्तरीको सहसौलामा एक शिक्षकलाई गोलि प्रहार गरि घाईते बनाएको छ । घाईते हुनेमा सहसौला -३ टिकुलिया घर भएका जनता दलित विद्यालयका शिक्षक विजय मंडल रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायव उपरीक्षक केदार खनालले बताए

बाँया तिघ्रामा गोलि लागि घाईते भएका शिक्षक मंडलको उपचार वर्दिवास स्थित होप क्लिनिकमा भइरहेको छ । शिक्षक मंडल खतरामुक्त अवस्थामा रहेको जनाइएको छ । घाईते शिक्षक मंडलका वुवा तथा एमाओवादीका गाविस प्रतिनिधि समेत रहेका रामसागर मंडल र सहसौला गाविसका सचिवले सर्वसाधारण जनताको रुपैंया व्यापक दुरुपयोग गरेको भन्दै मोर्चाले भौतिक कारवाही स्वरुप उनी माथि गोलि प्रहार गरेको टेलिफोन मार्फत सञ्चारकर्मीहरुलाई जानकारी दिएको छ

जनतान्त्रिक तराई मुक्ति मोर्चा राजनमुक्ति समूहका महोत्तरी धनुषा ईन्चार्ज भाषकर मुक्तिले मोर्चाका प्लाटुन कमाण्डर विकराल मुक्तिको कमाण्डमा गएको मोर्चाका कार्यकर्ताहरुले घाईते शिक्षक मंडलका वुवा एवं एमाओवादीका गाविस प्रतिनिधि रामसागर मंडल माथि गोलि प्रहार गर्न गएपनि भुलवस शिक्षक मंडल माथि गोलि प्रहार गरेको स्विकार गर्दै घटनाको जिम्मा लिएका छन ।मोर्चाका कार्यकर्ताहरुले शिक्षक मंडलको घरमै प्रवेश गरि उनी माथि गोलि प्रहार गरेका थिए । यसैबीच मोर्चाले अन्य गाविसका प्रतिनिधि र गाविस सचिवहरुले अनिमियतता गरे उनिहरु माथि पनि यसै गरी भौतिक कारवाही गर्ने चेतावनी टेलिफोन मार्फत दिएका छन ।

आवश्यकता

प्रथम पटक सूचना प्रकाशित मिति : २०६८/०४/०८

बिगत नौ बर्ष देखि सामाजिक सेवामा लागि परेको एक गैर सरकारी संस्था (NGO) दलित समाज उत्थान समिति नेपाल (DSWCN)को कार्यालयमा तपसिलको पदहरुमा केहि कर्मचारीहरुको आवश्यकता भएकाले इच्छुक योग्यता पुगेका स्थानिय व्यक्तिहरुले यो सूचना प्रथम पटक प्रकाशित मितिले ७(सात) दिन भित्र नागरिकता, शैक्षिक योग्यता, अनुभवको प्रमाण-पत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति, बायोडाटा र हस्तलिखित निवेदन सहित आवेदन दिन आह्वान गरिएको छ ।

तपसिल

१) बिज्ञापन नं. ०१/०६८/०६९

पद : सामाजिक परिचालक (LGCDP) कार्यक्रम)
संख्या : ४ (चार)
कार्यक्षेत्र : जलेश्वर न.पा. अर्न्तगत वड नं. ८, ११, १२ र १३ मा
योग्यता : कम्तीमा १२ कक्षा उत्तिर्ण
अनुभव : सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा ३ बर्ष काम गरेको ।
बिशेष प्राथमिकता : स्थानिय, अनुभवि, महिला, दलित, जनजाती तथा पिछिडिएको बर्ग
उमेर : कम्तीमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको
छनौट प्रकृया : लिखित र मौखिक

२. बिज्ञापन नं. ०२/०६८/०६९

पद: लेखापाल
संख्या : १ (एक)
योग्यता : B.B.S. पास
अनुभव : लेखापालकोपदमा रहि २ बर्ष काम गरेको
बिशेष प्राथमिकता : अनुभवि महिला, दलित जनजाती
छनौट प्रकृया : लिखित र मौखिक

नोट : Short List मा परेका व्यक्तिहरुलाई मात्र लिखित परिक्षामा सामेल गराइनेछ। साथै संस्थाको अन्तिम निर्णा नै अन्तिम निर्णा य हुनेछ।

सम्पर्क ठेगाना:
दलित समाज उत्थान समिति नेपाल(DSWCN)
बिजय फर्निचरको माथिल्लो पट्टि, जलेश्वर न.पा.-५,(महोत्तरी)

आवश्यकता

महेन्द्रा एण्ड महेन्द्रा कम्पनी को लागी तपसिल बमोजिमको कर्मचारीहरुको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरुले तलको ठेगानामा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ ।

तपसिल

पद : सेल्स मैन
संख्या : केही
कामगर्ने क्षेत्र : धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली
बिशेष ग्राहयता : आफ्नो मोटरसाइकल हुने र अनुभवी लाई विशेष ग्राहयता

सम्पर्क:
श्री कृष्ण डिष्ट्रिब्यूटर्स
मिल्सएरिया,जनकपुरधाम -१
फोन नं. ०४१-५२१६०९,९७४४०१७३२४,९८५४०२३३०७

आवश्यकता

प्रकाशित मिति : २०६८/०४/०८

आसमान नेपाल जनकपुर र गरीबी निवारण कोष बीच भएको सम्झौता अनुसार धनुषा र सर्लाही जिल्लाका विभिन्न गा.वि.स. हरुमा संचालन हुने गरीबी निवारण परियोजनाको लागि देहायका पदहरुमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र आवश्यक कागजात सहित दर खास्त आव्हान गरिन्छ ।

[redacted]	[redacted]	[redacted]	[redacted]	[redacted]
१	सुपरभाईजर/एकाउण्टेन्ट	२	व्यवस्थापन विषयमा + 2 उत्तीर्ण वा सो सरह ।	सम्वन्धित क्षेत्रमा २ वर्षको कार्य अनुभव तथा कम्प्युटर सम्वन्धि आधारभूत सीप भएको।

नोट :
१) आवेदकले निवेदनसंग आफ्नो बायोडाटा, २ प्रति पासपोर्ट साईजको फोटो, नेपाली नागरिकता, शैक्षिक योग्यता प्रमाणा-पत्र तथा अनुभव प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।
२) निवेदकले कार्य गर्ने ईच्छाएको जिल्ला निवेदनमा उल्लेख गर्नुपर्ने छ ।
३) प्रारम्भिक छनौट (Short List) मा परेका उम्मेदवारहरुलाई मात्र लिखित परीक्षा र अर्न्तवार्ताको लागि बोलाईने छ ।
४) दलित, महिला तथा अपाङ्गलाई विशेष प्राथमिकता दिईनेछ ।
५) उमेर : २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

दरखास्त दिने स्थान:
आसमान नेपाल जनकपुरको कार्यालय
भानुचौक, जनकपुरधाम (मिल्स एरिया जाने बाटोमा)

हार्दिक बधाई



श्री मिथिला समाज सेवा समितिका सदस्य श्री **उपेन्द्र ठाकुर** ज्यू **श्री राम यूवा कमिटी**को गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा उहाँको कार्यकालको सफलताको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

मोती लाल साह
संयोजक
श्री मिथिला समाज सेवा समिति
जानकी चौक, जनकपुरधाम -१०

जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टरद्वारा संचालित बरिष्ठ डाक्टरद्वारा शिक्षण गराउने जनकपुरको एक मात्र

H.A. College (NHRDA)

आफ्नो सिट बेलैमा सुरक्षित राखि आफ्नो भविष्य बनाउ

विशेषताहरु :
- Audio, Visual (Multi media) द्वारा अध्यापन गराइने ।
- Qualified Doctors द्वारा अध्यापन गराइने ।
- आधनिक ल्याव ।
- Internet सुविधा ।
- Free Health Check up Every month
- 100 सैंयाको अस्पतालको राम्रो व्यवस्था ।
- 2nd Year बाट नै अस्पतालमा Practice गराइने ।
- 100% पुस्तकहरु कलेजबाट उपलब्ध गराइनेछ ।
- CTEVT वाहेक कलेजबाट जेहेन्दार विद्यार्थीका लागी बिशेष छात्रवृत्तीको व्यवस्था ।

फारम भर्ने अन्तिम मिति २०६८/०४/०९ गतेसम्म

छात्रवृत्ति तर्फ :- २०६८/०४/१३ गते बेलुका ३ बजे
प्रवेश परीक्षा प्रिन्सिपल डा.सुरेन्द्र कुमार यादव
पूर्ण शुल्क तर्फ :- २०६८/०४/१४ गते बिहान ८ बजे

नेशनल ह्यूमन रिसोर्स डेभलपमेन्ट एकेडमी प्रा.लि.
जनकपुरधाम, बारहविघा देखि पश्चिम, रामानन्दचौक जाने रोड
फोन नं. ०४१-५२८०४२,मो.९८०४८२२०१९(संजिव),९८४४११५३९४(सचिन)

राष्ट्रियस्तरमा ख्याति प्राप्त गरी सकेको **मोडेल मल्टीपल कलेजद्वारा संचालित** मोडेल मेडिकल इन्स्टिच्यूट को

भर्ना सम्बन्धि सूचना

विगतका बर्षहरुमा सफलता पूर्वक संचालन भैरहेको सामान्य चिकित्सा (H.A) र ल्याव टेक्निसियन (CMLT) प्रोग्रामको लागि शैक्षिक सत्र २०६८/०६९ को प्रवेश परिक्षाको फारम वितरण भैरहेकोले सम्पूर्ण विद्यार्थी तथा अविभावकहरुमा जानकारी गराउदैछौं ।

भर्ना कार्यक्रम

फारम वितरण : २०६८ अषाढ १२ गते देखि
फारम भर्ने अन्तिम मिति : २०६८ श्रावण १० गते
सर्म्पक मिति : २०६८ श्रावण ११ गते
प्रवेश परीक्षा : २०६८ श्रावण १४ गते

विशेषताहरु :
- पूर्ण अनुशासित वातावरणमा अनुभवि प्राध्यापकहरुद्वारा अध्यापन गराइन्छ।
- यस क्षेत्रमै सबै भन्दा ठुलो र आधुनिक ल्याब (प्रयोगशाला) रहेको ।
- कक्षा सञ्चालनको लागी इन्स्टिच्यूटको आफ्नो निजि भवन भएको ।
- सि.टी.ई.भि.टी.को मापदण्ड अनुरुप कक्षा कोठाको व्यवस्था भएको ।
- हाई पावरको जेनेरेटरको व्यवस्था भएको ।

विशेष जानकारीको लागी :
मोडेल मेडिकल इन्स्टिच्यूट
जनकपुर-४(गोपाल धर्मशाला देखि पूर्व) फोन नं.०४१-५२३६६६, ५२०६६२

S.M+2 CAMPUS

कक्षा XI मा भर्ना सम्बन्धी सूचना !

२०६७ सालको एस.एल.सी. परीक्षामा उत्तीर्ण भएका सम्पूर्ण विद्यार्थीहरुमा हार्दिक बधाई ज्ञापन गर्दै कक्षा-११ मा Science, Commerce, र (Education) मा भर्नाका लागी आवेदन फारम वितरण भईरहेको सहर्ष जानकारी गराउँदछौं ।चाडै सम्पर्क गर्नुहोस् ।

सम्पर्क स्थान:
एस. एम. क्याम्पस
जानकी नगर-७, जनकपुरधाम(पेठिया बजार)
फोन नं. ०४१-५२२५४२

भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!

वीरेन्द्र इन्स्टिच्यूट अफ मेडिकल एण्ड डेन्टल टेक्नोलोजी

जनकपुरधाम (पगलाबाबा धर्मशालाको दक्षिण पट्टी)

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (**C. T. E. V. T.**) द्वारा मान्यता प्राप्त हेल्थ असिष्टेन्ट (H. A.) सामान्य चिकित्सा अधिराज्य भरिमै प्रत्येक बर्ष सर्वोत्कृष्ट नतिजा ल्याई सफलताको आठौं बर्षमा प्रवेश साथै M. B. B. S.पढनको लागि अञ्चल भरीमै T. U.बाट मान्यता प्राप्त एक मात्र संस्था

शैक्षिक सत्र २०६८।२०६९ मा हेल्थ असिष्टेन्ट (H.A.) मा भर्नाको लागि कार्यक्रम

(१)फारम वितरण मिति: २०६८ साल अषाढ १५ गते बुधवार देखि । **(२) फारम बुझाउने अन्तिम मिति** :-२०६८ साल श्रावण ९ गते सोमवारसम्म
(३) फारम पाईने र बुझाउने स्थान:- संस्थाको प्रशासन शाखा । **(४) फारम पाईने र बुझाउने समय**:-विहान ७ बजे देखि दिउसो ५ बजेसम्म ।
(५) प्रवेश परीक्षा हुने मिति:-
(क) छात्रबृत्ति तर्फ २०६८ श्रावण १३ गते शुक्रवार दिउसो ३ बजे । **(ख) पूर्ण शुल्कीय तर्फ** :-२०६८ श्रावण १४ गते शनिवार विहान ८ बजे । (ग) परीक्षा अवधि २ घण्टा १५ मिनेट मात्र ।
(६) प्रवेश परीक्षाको किसिम :- अंग्रेजी, गणित र विज्ञान बिषयको क्रमशः ३०,३५ र ३५ वटा गरी जम्मा १०० वटा प्रश्न रहेको बस्तुगत (Objective) प्रणालीको लिखित परीक्षा हुने छ ।
(७) आवश्यक न्यूनतम योग्यता र आवेदन फारम साथ पेश गर्नु पर्ने कागजातहरु :-
(क) एस.एल.सी.को लब्धांक पत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।(ख) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

निर्देशक:
प्रा.डा.रामस्वार्थ राय
फोन नं. ०४१-५२१८१०

प्रिन्सिपल
डा. महेश्वर राय यादव (MD)
फोन नं. ०४१-५२६३६६

जनकपुर टुडे प्रकाशन समुहका लागि श्रीमती रेनु चौधरी(सिंघानिया)द्वारा प्रकाशित तथा श्रीराम अफसेट प्रेस जनकपुरमा मूद्रित
कार्यालयः मिल्सएरिया,जनकपुरधाम, फोन ५२३८६७ *e-mail:* jtoday91@gmail.com, WWW.janakpurtoday.com.np सम्पादकःबृजकुमार यादव